नेपाल सरकार

## ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

सिंहदरवार, काठमाडौं ।

## पुराना मेशीनरी औजार, विद्युतिय उपकरण, फर्निचर आदि जिन्सी सामानहरुको लिलाम विक्री सम्बन्धी बोलपत्र आव्हानको सूचना

*दोश्रो पटक प्रकाशित मिति २०७५/०४/०१*

यस मन्त्रालयमा रहेका मेशीनरी औजार, विद्युतिय उपकरण, फर्निचर आदी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्री (बढाबढद्धारा) गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्न लिखित सर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ

१. बोलपत्र फारम यो सूचना दोश्रो पटक प्रकाशित भएको मितिले ७ औ दिनको ५:०० बजे सम्म यस मन्त्रालयको आर्थिक प्रशासन शाखावाट रु ३००।- (फिर्ता नहुने गरी)तिरी खरिद गर्न सकिने छ । अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेपछि दिनको ५:०० बजे सम्म (शुक्रवार परेमा ३:०० बजेसम्म) खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारम यो सुचना दोश्रो पटक प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजे भित्र दर्ता गराइसक्नु पर्नेछ । सो दिन विदा परेमा कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराइसक्नु पर्नेछ । सामान लिलाम सम्बन्धी बोलपत्र, २०७५ उल्लेख भएको हुनुपर्नेछ

३. पर्न आएका सिलवन्दी वोलपत्रहरु यो सुचना प्रकाशित भएको मितिले ८ औ दिनको २:०० बजे मन्त्रालयको आर्थिक प्रशासन शाखामा उपस्थित फर्म/कम्पनी अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत बोलपत्रदाताले सामान उठाइसकेको हुनुपर्नेछ ।

४. सिलवन्दी बोलपत्रसाथ आफुले कबोल गरेको अंकको १० (दश) प्रतिशतले हुन आउने रकम बराबरको यस मन्त्रालयको नाममा जारी भएको बैंक जमानत वा एभरेष्ट वैक लिमिटेड, सिंहदरवारमा को.ले.नि.का. सिंहदरवारको नाममा रहेको धरौटी खाता नं. स.अ. १३५००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न हुनुपर्नेछ । बैंक जमानतको हकमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले ३ (तीन) महिना सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ ।

५. बोलपत्र पेश गर्न इच्छुक रजिष्टर्ड फर्म/कम्पनीले मुल्य अभिवृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र इच्छुक व्यक्तिले नेपालि नागरिकताको प्रमाणित प्रतिलिपी बोलपत्र फारमसाथ संलग्न राख्नु पर्नेछ ।

६. सावैजनिक खरिद ऐन,२०६३ , सार्वजनिक खरिद नियमावली,२०६४ तथा आर्थिक कार्यविधि नियमावली,२०६४ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

७. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहने छ ।

८. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

९. माल सामानको कुल न्यूनतम मूल्य रु ७८,५७५।- कायम भएकाले सो रकम देखि माथी मात्र कबोल अंक लेख्न सकिनेछ । बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले आफुले कवोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर १३% समेत थप गरी जम्मा हुन आउने रकम दाखिला (भुक्तानी) गर्नुपर्नेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लेखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समय भित्र मन्त्रालयको जिन्सी स्टोर शाखामा सम्पर्क राख्न सकिने छ ।